# नेपालमा संघीयता कार्यान्वयनका लागि आवश्यक क्षमताको लेखाजोखा

मंसिर, २०७६

संघीयता कार्यान्वयनका लागि आवश्यक पर्ने क्षमताको लेखाजोखा

## संघीयता कार्यान्वयनका लागि आवश्यक पर्ने क्षमताको लेखाजोखा के हो ?

सरकारको अनुरोधमा, सरकारको मार्गनिर्देशनमा र सरकारको लागि गरिएको लेखाजोखा ।

- संघीय व्यवस्थाको कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तीनै तहमा सरकारहरूका लागि आवश्यक र विद्यमान क्षमताको बीचमा रहेको अन्तर/रिक्ततालाई पहिचान गर्ने अध्ययन,
- यसले संघीय प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि आधारभूत रूपमा आवश्यक पर्ने तत्वहरू मूलतः जनशक्तिलगायत सांगठनिक क्षमता, संस्थागत र कानूनी संरचना, र भौतिक पूर्वाधारको लेखाजोखा गरेको छ,
- नेपाल सरकारको अनुरोधमा विश्व बैंक र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडिपी)को सहजीकरणमा सम्पन्न गरिएको,
- २०७५ भदौ र २०७६ साउन बीचको अवधिमा अमेरिकाको जर्जिया स्टेट यूनिभर्सिटी र नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानद्वारा तयार पारिएको ।

### साझेदारहरु

प्रतिवेदनमा बेलायत सरकारको अन्तर्राष्ट्रिय विकास विभाग (DFID), नर्वेली दूतावास, र विकास तथा सहयोगका लागि स्वीस संस्था (SDC) बाट प्राविधिक सल्लाह, सुझाव प्राप्त भएको थियो ।

### लेखाजोखा विधि

- **संघः** जानकारहरूसँगको अन्तर्वार्ता र उपलब्ध सूचना सामग्रिहरूको अध्ययन
- **प्रदेश तहः** सबै ७ प्रदेशहरूमा प्रश्नावलीमार्फत् सूचना संकलन
- **स्थानीय तहः** ११५ गाउँपालिका/नगरपालिकाहरूबाट प्रश्नावलीमार्फत् सूचना संकलन
- **विकास साझेदारको विवरणः** नेपालमा सञ्चालित विकास साझेदारका कार्यक्रमहरूको अध्ययन र समीक्षामार्फत् सूचना संकलन ।

THE WORLD BANK
IBRD • IDA | WORLD BANK GROUP

UNDP
Empowered lives.
Resilient nations.

SCAN TO DOWNLOAD:

## लेखाजोखा प्रक्रियाको कार्यान्वन तालिका

१. **चैत्र, २०७३** — अर्थ मन्त्रालयबाट विश्व बैंकलाई सहयोगका लागि अनुरोध

२. **भाद्र, २०७५** — संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमलाई अनुरोध

३. **आश्विन १, २०७५** — राष्ट्रियस्तरको शुरुवाती कार्यशाला

४. **कार्तिक, २०७५** — नेपाल सरकारलाई प्रारम्भिक प्रतिवेदन पेश

५. **पौष, २०७५** — प्रश्नावली र अध्ययनले समेट्ने गाउँपालिका/नगरपालिकाहरूको नाम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा अनुमोदन

६. **माघ २८ देखि फाल्गुण १८, २०७५** — स्थलगत तथ्याङ्क संकलन

७. **वैशाख, २०७६** — मस्यौदा प्रतिवेदन सरकारसमक्ष पेश

८. **जेठ-असार, २०७६** — प्रतिवेदनको मस्यौदामा सरकारबाट प्रतिक्रिया

९. **भाद्र, २०७६** — सरकारबाट प्राप्त सुझाव र प्रतिक्रियालाई समावेश गरी अन्तिम प्रतिवेदन पेश

## प्रतिवेदनका निष्कर्षहरू

| उल्लेखनीय उपलब्धि | कमजोर देखिएका/सुधार गर्नुपर्ने क्षेत्रहरू |
|---|---|
| **प्रदेश र स्थानीय सरकारहरूको गठन** | |
| प्रदेश र स्थानीय सरकारहरूको राजनीतिक तथा प्रशासनिक संरचना निर्माणको कार्य मुख्य रूपमा सकिएको छ । निर्वाचनपछि गठन भएका प्रदेश तथा स्थानीय सरकारहरूले काम गरिरहेका छन् । आ.व. २०७५/७६मा यी तहको खर्च कुल राष्ट्रिय अर्थ बजेटको राष्ट्रिय खर्चमा ३४ प्रतिशत थियो । करिब सबै स्थानीय सरकारका सभाहरूले (९६ प्रतिशत) सभाको सञ्चालनसम्बन्धी नियमहरु पारित गरिसकेका छन् र गाउँपालिका/नगरपालिकाहरूका पछिल्ला सभाहरूमा उपस्थिति दर करिब ९० प्रतिशत थियो । करिब ९० प्रतिशत स्थानीय सरकारहरूले प्रत्येक गाउँसभा वा नगरसभा हुनुअघि बैठक एजेण्डा वितरण गर्ने गरेको बताएका छन् । प्रदेश तथा स्थानीय सरकारको क्षमता विकासको लागि वि. सं. २०७६ मा, सरकारले प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) प्रारम्भ गरेको छ । | • संघीय प्रणालीको सन्दर्भमा सबै तहका निर्वाचित पदाधिकारी तथा कर्मचारीहरूको व्यवस्थित ढंगबाट क्षमता विकास गर्नुपर्ने आवश्यकता देखिएको छ ।<br>• क्षमता विकासको लागि वृहद् रणनीतिको अभाव रहेको छ ।<br>• क्षमता विकासको काम खर्चिलो हुने गर्दछ । |
| **संघीयताको लागि कानूनी संरचना** | |
| • संघीय प्रणालीको सफल कार्यान्वयनका लागि उल्लेखनीय मात्रामा छाता कानून आवश्यक पर्दछन् ।<br>• हालसम्म संघीयतातर्फको प्रभावकारी संक्रमणको लागि आवश्यक पर्ने कानूनी संरचना निर्माण गर्ने क्रममा उल्लेखनीय प्रगति भएको छ ।<br>• मुख्य कानूनहरु लागू भइसकेका छन्, विशेषगरी निम्न कानूनहरु महत्वपूर्ण छन्:<br>→ स्थानीय सरकार सञ्चालन ऐन २०७५<br>→ अन्तर-सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७५<br>→ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४<br>→ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा बनेको ऐन, २०७६<br>→ कर्मचारी समायोजन ऐन, २०७५ र<br>→ प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा करिब ३४ वटा नमुना कानून/मार्गनिर्देशन तयार भएका छन् ।<br>• अर्थ मन्त्रालयले ७ वटा नमूना कानूनहरु तर्जुमा गरेको छ ।<br>• अधिकांश स्थानीय सरकारहरूले केही परिमार्जन सहित उक्त नमूना कानून तथा मार्गनिर्देशनहरु नै अवलम्बन गरेका छन् । | संघीयता कार्यान्वयनका लागि आवश्यक पर्ने थप कानूनहरु लागु गर्ने कार्यमा विलम्ब भएको छ :<br>• संघीय निजामती सेवा ऐन<br>• प्रहरी व्यवस्थापन ऐन<br>• अन्तर-सरकारी समन्वय ऐन<br>• साझा अधिकारसँग सम्बन्धित क्षेत्रगत कानूनहरु |

| उल्लेखनीय उपलब्धि | कमजोर देखिएका/सुधार गर्नुपर्ने क्षेत्रहरू |
| --- | --- |
| **संघीयताको लागि संस्थागत संरचना** | |
| संघीयताको कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि उपयुक्त संस्थागत संरचना आवश्यक हुन्छ । हालसम्म निम्नानुसार संस्थाहरू प्रमुख रूपमा रहेका छन्: (१) अन्तर-प्रदेश परिषद्, (२) अन्तर-सरकारी वित्त परिषद, (३) प्रदेश समन्वय परिषद्, (४) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, (५) संविधान बमोजिम स्थापना भएका अन्य मुख्य आयोग/संस्थाहरु निम्नानुसार रहेका छन्: (क) अख्तियार दुरूपयोग अनुसन्धान आयोग, (ख) राष्ट्रिय मानव अधिकार आयोग, (ग) लोक सेवा आयोग, (घ) महालेखा परीक्षकको कार्यालय, (ङ) राष्ट्रिय समावेशी आयोग, (च) मधेशी आयोग, (छ) थारू आयोग, र (ज) मुस्लिम आयोग । | प्रदेश र स्थानीय स्तरमा नीति तथा प्रशासनसम्बन्धी व्यवस्थाहरूको तर्जुमा र व्यवस्थापन गर्न अन्तर-मन्त्रालय समन्वय संयन्त्रको आवश्यक देखिन्छ ।<br><br>**यी आयोगहरु गठन हुन बाँकी छन्:** आदिवासी जनजाति आयोग, राष्ट्रिय महिला आयोग, र राष्ट्रिय दलित आयोग । |
| **सार्वजनिक वित्त व्यवस्थापन, उत्तरदायित्व र पारदर्शिता** | |
| नेपालमा सार्वजनिक वित्त व्यवस्थापन प्रणालीको विकास गर्ने कार्यमा उल्लेखनीय प्रगति भएको छ । सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सुनिश्चित गर्न एक छुट्टै सचिवालय रहेको छ । एकल खाता प्रणाली कार्यान्वयन भइरहेको छ । पारदर्शी खर्च प्रतिवेदन प्रणाली र राजस्व व्यवस्थापन सूचना प्रणाली पनि कार्यान्वयनमा छन् । सार्वजनिक वित्त व्यवस्थापनका यी अभ्यासहरु प्रदेश तथा स्थानीय सरकारमा विस्तार गर्नु देशको लागि उच्च प्राथमिकताको विषय रहेको छ । | सार्वजनिक वित्त व्यवस्थापनमा प्रयोग हुने सफ्टवेयरमा एकरूपता अपनाउनु आवश्यक छ । यसैगरी सार्वजनिक वित्त व्यवस्थापनका अभ्यासहरूलाई प्रदेश तथा स्थानीय तहमा विस्तार गर्ने कामलाई प्राथमिकता दिनुपर्ने देखिन्छ । |
| **लैङ्गिक समानता र सामाजिक समावेशीकरण** | |
| संविधानले राज्यका सबै अङ्गहरूमा महिलाको समावेशी प्रतिनिधित्वको प्रत्याभूति गरेको छ र लिङ्ग तथा जाति/जनजातिगत पृष्ठभूमिको आधारमा संसदमा प्रतिनिधित्वको व्यवस्था गरिएको छ । वि.सं. २०७४ को स्थानीय तहका लागि भएको निर्वाचनमा, समग्रमा ३८ प्रतिशत स्थानहरु महिलाले जितेका थिए भने २१ प्रतिशत स्थानहरूमा दलित जनप्रतिनिधिहरु निर्वाचित भएका थिए । यसले महिला र अल्पसंख्यकहरूलाई शासन प्रक्रियामा औपचारिक रूपमा सहभागी हुने अवसर प्रदान गरेको छ । पालिकाहरूमा महिलाहरूले ९१ प्रतिशत उप-पदहरु (उपमेयर तथा उपाध्यक्ष) जितेका थिए तथा पुरुषहरूले ९८ प्रतिशत प्रमुख/अध्यक्ष पदहरु जितेका थिए । हाल निजामती सेवामा महिलाहरूको सहभागिता २५ प्रतिशत रहेको छ । यो अनुपात वि.सं. २०५० मा ११ प्रतिशत रहेको थियो । | प्रदेश तथा स्थानीय सरकारका क्रियाकलापहरूमा प्रभावकारी ढंगबाट लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई समाहित गर्न तथा त्यसको अनुगमन गर्नका लागि सीमित मात्रामा संयन्त्रहरु छन् ।<br><br>लैङ्गिक उत्तरदायी बजेटको अवधारणाअनुरूप खर्च भए/नभएको अनुगमन गर्नु आवश्यक छ । |
| **वित्तीय क्षमता तथा स्थानीय सरकारको राजस्व परिचालन** | |
| संविधानबाट प्राप्त जिम्मेवारी पूरा गर्न, प्रदेश तथा स्थानीय सरकारहरूले आ-आफ्ना प्राथमिकताहरूसँग मिल्ने गरी बजेट तर्जुमा गर्न सक्ने गरी पर्याप्त निर्णयको अधिकार आवश्यक पर्दछ । आ.व. २०७५/७६मा, प्रदेश तथा स्थानीय सरकारहरूको खर्च कुल राष्ट्रिय खर्चको ३० प्रतिशत रहेको थियो । धेरै प्रदेश तथा स्थानीय सरकारहरूले आफ्नै स्रोतहरूबाट पनि राजस्व संकलन गर्ने गरेका छन् । आ.व. २०७४/७५ मा स्थानीय सरकारहरूको आफ्नै स्रोतबाट हुने राजस्वको संकलन दर ७२ प्रतिशत रहेको थियो । | विद्यमान अन्तर–सरकारी वित्त संरचनामा, प्रदेश वा स्थानीय सरकारहरूलाई राजश्व संकलन गर्नका लागि प्रोत्साहित गर्ने कुनै उल्लेख्य उत्प्रेरकहरूको व्यवस्था छैन । यसका साथै, प्रदेश तथा स्थानीय सरकारका खर्चको आवश्यकता पनि अझै स्पष्ट हुन सकेको छैन । |
| **प्रशासनिक पूर्वाधार तथा अन्तर–आबद्धता (Connectivity)** | |
| प्रदेश तथा स्थानीय सरकारका तहमा प्रशासनिक पूर्वाधार तथा अन्तर-आबद्धताको विकासमा मापनयोग्य प्रगति भएको छ । अधिकांश प्रदेश तथा स्थानीय सरकारहरु उनीहरूको प्रशासनिक पूर्वाधार तथा अन्तर-आबद्धताको विकासको प्रक्रियामा छन् । सबै प्रदेशका अधिकांश मन्त्रालयहरूमा विद्युत्, टेलिफोन तथा इन्टरनेटको सुविधा पुगेको छ । करिब ५४ प्रतिशत स्थानीय सरकारहरूसँग उनीहरूले प्रयोग गरिरहेका भवनहरूमध्ये कहीमा स्वामित्व छ र ७० प्रतिशत नगरपालिकासंग नगर सभाका लागि आवश्यक पर्ने सभा कक्ष उपलब्ध रहेको जनाएका छन् । ८२ प्रतिशत गाँउपालिका र नगरपालिकाहरु विद्युत्को राष्ट्रिय ग्रीडसँग जोडिएका छन् । करिब सबै गाँउपालिका र नगरपालिकाका केन्द्रहरु सडक सञ्जालले जोडिएका छन् र करिब ४७ प्रतिशत गाउँपालिका/नगरपालिकाहरूको कार्यालय भवनको निर्माण कार्य जारी रहेको छ । प्रदेशहरूमा पर्याप्त कम्प्युटरहरु उपलब्ध छन् र प्रत्येक कर्मचारीले एउटा कम्प्युटर चलाउन पाउने स्थिति रहेको छ । | • प्रदेश तथा स्थानीय सरकार तहमा पूर्वाधारका लागि बजेटको उपलब्धता सीमित रहेको छ ।<br>• पूर्वाधारसहितका सम्पत्ति व्यवस्थापनको दीर्घकालीन पद्धतिको अभाव रहेको छ ।<br>• धेरैजसो प्रदेश तथा स्थानीय सरकारहरूसँग कागजातमा आधारित परम्परागत प्रकारको सम्पत्ति लगत प्रणाली विद्यमान छ ।<br>• मर्मत तथा सम्भारको लागतको तथ्याङ्क संकलनका लागि प्रक्रियाहरु परिभाषित छैनन् ।<br>• मर्मत-सम्भार भएको खर्चको अनुमगन तथा अभिलेखीकरण प्रणालीको अभाव रहेको छ । |

| उल्लेखनीय उपलब्धि | कमजोर देखिएका/सुधार गर्नुपर्ने क्षेत्रहरू |
|---|---|

## जनशक्ति व्यवस्थापन तथा विकास

**उल्लेखनीय उपलब्धि**

- संघ, प्रदेश तथा स्थानीय सरकारहरूमा दरबन्दीको आवश्यकताको पहिचान गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण गरिएको थियो । यसले कर्मचारीहरूको समायोजन गर्न सहयोग पुऱ्याएको थियो ।
- सार्वजनिक सेवाअन्तर्गतका निजामती कर्मचारीहरूलाई संघ, प्रदेश तथा स्थानीय सरकारमा गरिएको समायोजनले प्रदेश तथा स्थानीय सरकारहरूलाई संविधान प्रदत्त अधिकारको प्रयोग गर्न केही हदसम्म सहज भएको छ ।
- लोक सेवा आयोगले स्थानीय तहमा रहेको कर्मचारीको अभावलाई पूर्ति गर्नका लागि भर्ना प्रक्रिया शुरू गरिसकेको छ ।
- संघ सरकारका वरिष्ठ सह-सचिवहरूलाई प्रदेश सरकारका सचिवको रूपमा गरिएको सरूवा प्रदेश तहमा जनशक्तिको क्षमता बढाउने तथा संघीयताको प्रभावकारी कार्यान्वयन गर्ने उद्देश्यका साथ गरिएको थियो ।
- अधिकांश प्रदेश तथा स्थानीय सरकारहरूका पदाधिकारीहरूले संघीय मामिलाका विषयमा तालिम प्राप्त गरेका छन् ।

**कमजोर देखिएका/सुधार गर्नुपर्ने क्षेत्रहरू**

- प्रदेश तथा स्थानीय तहमा चाहिने जनशक्तिमध्ये ५० प्रतिशत अझै पूर्ति हुन बाँकी छ ।
- संघीयताको सन्दर्भमा संघ सरकारको जिम्मेवारी (नीति निर्माण र अनुगमन तथा मूल्याङ्कन) पुरा गर्न संघ सरकारका विषयगत मन्त्रालयहरूको क्षमता कम रहेको छ भने उनीहरु अब जिम्मेवार नरहने वा कम जिम्मेवार हुने कार्यान्वयनसँग सम्बद्ध कार्यहरूमा भने उनीहरूको क्षमता उच्च रहेको छ ।

## अनुगमन तथा मूल्याङ्कन

**उल्लेखनीय उपलब्धि**

- विकासका गतिविधिहरूको अनुगमन तथा सहजीकरणका लागि संविधानले विशेष व्यवस्था गरेको छ ।
- संविधानले देहाय बमोजिमका निकायलाई अनुगमनको कार्यभार सुम्पेको छः
  १) कानूनमा उल्लेख गरिए बमोजिम संसदीय समितिहरु
  २) जिल्ला समन्वय समिति

**कमजोर देखिएका/सुधार गर्नुपर्ने क्षेत्रहरू**

- सेवा प्रवाह तथा प्रदेश र स्थानीय सरकारको कार्यसम्पादनको अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी स्पष्टतः परिभाषित गरिएको छैन ।
- कार्यसम्पादनका लागि अनुगमन तथा मूल्याङ्कन प्रणाली तथा तथ्यांकको अभाव रहेको छ ।

# सुझावहरू

| कार्य | विवरण |
|---|---|
| संघीयता कार्यान्वयन गर्न मार्गचित्रको तर्जुमा गर्ने | मार्गचित्रले सुधारका प्राथमिकता तथा तिनको सिलसिलालाई प्रस्तुत गर्दै सुधार प्रक्रियाको कार्यान्वयनलाई बलियो बनाउन सहयोग गर्नेछ । |
| बाँकी रहेका महत्वपूर्ण कानूनहरु जारी गर्ने | संघीयताको प्रभावकारी कार्यान्वयनका लागि निजामती सेवासम्बन्धी निम्न कानूनहरु जारी गर्नु आवश्यक रहेको छः संघीय निजामती सेवासम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, प्रहरी व्यवस्थापन विधेयक, अन्तर-सरकारी समन्वयसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, र साझा अधिकारसँग सम्बन्धित क्षेत्रगत कानूनहरु । |
| संघीयताको कार्यान्वयनका लागि सञ्चार नीतिको तर्जुमा गर्ने | सञ्चार नीतिले (क) सुधार प्रक्रिया, यसको प्रयोजन तथा लाभका बारेमा साझा बुझाइको प्रवर्द्धन गर्न, (ख) नागरिकहरूलाई नयाँ प्रणालीबाट प्राप्त हुने फाइदा तथा कार्यान्वयनका चुनौतीहरूलाई बुझ्ने अवसर प्रदान गर्न, र (ग) संघीय व्यवस्थाको कार्यान्वयनको सम्बन्धमा बढ्दै गइरहेको पारदर्शिताको आवश्यकतालाई पूर्ति गर्न सहयोग पुऱ्याउने प्रकारका सूचनाहरूको सम्प्रेषण गर्न सहयोग गर्नेछ । |
| क्षमता विकासका लागि एक विस्तृत रणनीति तथा कार्यक्रमको तर्जुमा गर्ने | यो रणनीतिले निम्न कुरा समेट्न सक्छः (क) संघीयताको सिद्धान्त तथा संयन्त्रहरूको विषयमा जननिर्वाचित प्रतिनिधिहरूको बुझाइलाई अझ गहन बनाउने, (ख) प्रदेश तथा स्थानीय सरकारमा सार्वजनिक वित्त व्यवस्थापन, सार्वजनिक खरिद, सार्वजनिक लगानीको व्यवस्थापन, र नागरिक सहभागिता जस्ता क्षेत्रमा आवश्यक पर्ने सीप भएका कर्मचारीहरूको सुनिश्चितता गर्ने, (ग) संघीयताको सन्दर्भमा सरकारी अधिकारीहरूलाई औपचारिक अन्तुशिक्षण दिनका लागि प्रशिक्षण प्रतिष्ठानहरूलाई सहयोग गर्ने, र (घ) प्रदेश तथा स्थानीय सरकारहरूबीच एक-आपसमा र प्रदेश तथा स्थानीय सरकारहरु तथा संघीय सरकारबीचको समन्वयलाई बलियो बनाउन संयन्त्र तथा प्रक्रियाहरूको विकास गर्ने । |
| भौतिक पूर्वाधार र कार्यालय भवन सुधार योजनाको तर्जुमा गर्ने | भौतिक पूर्वाधार र कार्यालय भवन सुधार योजनाले प्रदेश तथा स्थानीय सरकारहरूको पूर्वाधारसँग सम्बन्धित क्षमताको सुदृढीकरणका लागि सरकारी प्राथमिकताको पहिचान गर्नेछ । यसको उद्देश्य समयमै आवश्यक गुणस्तर तथा परिणाममा प्रशासनिक कार्यालय भवनहरूको व्यवस्था गर्न पर्याप्त बजेटको सुनिश्चितता गर्ने रहेको छ । |
| संघीयताका लागि आवश्यक संस्थागत संरचनाको निर्माण | संघीयता कार्यान्वयनमा सहयोग गर्न एक संघीयता कार्यान्वयन इकाइको स्थापना गर्न सकिनेछ । यो इकाइलाई प्रदेश तथा स्थानीय सरकारहरूसँगको समन्वयमा सरकारका लागि अन्तर-सरकारी प्रणालीको निरन्तर मूल्याङ्कन गर्ने जिम्मेवारी दिन सकिन्छ । प्रदेश तथा स्थानीय सरकारहरूको समन्वयमा यस इकाइलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा राख्न सकिने छ । |
| एक आधुनिक तथा प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना गर्ने | संघीयता कार्यान्वयनको व्यवस्थित लेखाजोखा गर्न एक प्रभावकारी एवं आधुनिक अनुमगन तथा मूल्याङ्कन प्रणालीको आवश्यकता रहेको छ । यस अन्तरगत एक संघीयता कार्यान्वयन इकाइको स्थापना गर्न उपयुक्त हुन्छ । साथै, प्रदेश तथा स्थानीय सरकारहरूको वित्तीय व्यवस्थापन र त्यसको प्रभावकारिताको मूल्याङ्कन गर्ने प्रणालीको पनि विकास गर्नुपर्ने देखिन्छ । प्रस्तावित अनुमगन तथा मूल्याङ्कन प्रणालीबाट प्राप्त हुने प्रतिवेदनहरूको समीक्षा संघ र प्रदेश दुवै तहमा हुने अन्तर-सरकारी समन्वय बैठकहरूमा संयुक्त रूपमा गर्न सकिन्छ । |


CONNECT WITH US

@ wbg.org/Nepal

@ WorldBankNepal

@ WorldBankSAsia

infonepal@worldbank.org